नेपाल सरकार

# सामान्य प्रशासन मन्त्रालय

## (निजामती सेवा दिवस, २०७३ मूल समारोह समितिको सचिवालय)

सिंहदरवार

## प्रेष विज्ञप्ती

मिति २०७३।५।१४

निजामती सेवा दिवस, २०७३ मूल समारोह समितिका अध्यक्ष तथा नेपाल सरकारका मुख्य सचिव डा. सोमवाल सुवेदीज्यूको अध्यक्षतामा बसेको वैठकको निर्णयानुसार निजामती सेवा दिवस, निजामती कर्मचारीहरुको महत्वपूर्ण उत्सव भएकोले केन्द्र तथा जिल्लास्तरमा भव्य तरिकाले मनाउने निर्णय भएको छ। निजामती सेवा दिवसको अवसरमा आयोजना गरिने सबै कार्यक्रमहरुमा सबै निजामती कर्मचारीहरुलाई अनिवार्य उपस्थिति गराउनुका साथै निजामती सेवाको आधिकारिक ट्रेड युनियन र निजामती कर्मचारी सम्वद्ध राष्ट्रियस्तरका ट्रेड युनियनहरुलाई समेत सहभागी गराउन केन्द्र, क्षेत्र तथा जिल्लास्थित कार्यालयहरुमा परिपत्र गरिएको छ।

निजामती सेवा दिवस, २०७३ **"सेवामैत्री प्रशासन - संघीयतामा सुशासन"** मूल नारा सहित भव्य तरिकाले मनाउन केन्द्रमा मुख्य सचिवको संयोजकत्वमा मूल समारोह समिति, पाँच विकास क्षेत्रमा क्षेत्रीय प्रशासकको संयोजकत्वमा र सबै ७५ जिल्लामा प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा निजामती सेवा दिवस कार्यक्रम संयोजन समिति गठन भएको छ। साथै, सबै जिल्लामा प्रमुख जिल्ला अधिकारीले जिल्लास्थित सबै कार्यालय प्रमुखहरुसँगको अन्तरक्रियाबाट आफ्नो आफ्नो जिल्लामा विशेष कार्यक्रम निर्धारण गरी यस वर्षको निजामती सेवा दिवस भव्य तरिकाले मनाउने प्रवन्धका लागि मूल समारोह समिति हार्दिक अपिल गर्दछ। साथै, पाँच विकास क्षेत्रका क्षेत्रीय प्रशासन कार्यालयहरुबाट समेत आफ्नो आफ्नो क्षेत्रमा निजामती सेवा दिवसलाई प्रभावकारी र समन्वयात्मक तरिकाबाट मनाउन प्रभावकारी समन्वय कायम हुनेछ।

निजामती सेवा दिवसको अवसरमा केन्द्रमा मिति २०७३।५।१७ गते राजनीति र प्रशासनका बीचको अन्तरसम्वन्धमा विषयमा अन्तरक्रिया कार्यक्रम, मिति २०७३।०५।१७ गते सामान्य प्रशासन मन्त्रालयको प्रागंणमा रक्तदान कार्यक्रम, मिति २०७३।०५।१७ गते काभ्रेपलान्चोक जिल्लामा स्वास्थ्य शिविर कार्यक्रम, मिति २०७३।०५।१७ र २० गते दशरथ रंगशालामा खेलकूद कार्यक्रम, मिति २०७३।५।१८ वागमती सफाई कार्यक्रम, मिति २०७३।५।१९ गते व्यूरो ८१ बाट प्रवचन तथा अन्तरक्रिया कार्यक्रम, मिति २०७३।०५।२१ गते पुरानो सिनामंगल पेप्सिकोला र अन्य क्षेत्रमा बृक्षा रोपण कार्यक्रम, मिति २०७३।०५।२१ गतेका दिन सबै मन्त्रालय, विभाग र कार्यालयहरुले आफ्नो आफ्नो कार्यालय परिसर भित्र विशेष सरसफाई कार्यक्रम सञ्चालन गर्नेछन्। निजामती सेवाको औचित्य र महत्वको साथै सरकारी सेवालाई अझ बढि प्रभावकारी र सेवा मैत्री बनाउने सन्दर्भमा मिति २०७३।०५।२१ गते वेलुकी ९:३० बजे नेपाल टेलिभिजनबाट परिसम्वाद कार्यक्रम र मिति २०७३।०५।२२ गते विहान ६:३० बजे रेडियो नेपालबाट अन्तरसम्वाद कार्यक्रम सञ्चालन गरिनेछ। साथै, मिति २०७३।०५।२२ गते विहान ७:०० बजेको समाचार प्रसारण अगाडि रेडियो नेपालबाट सम्माननीय प्रधानमन्त्रीज्यूबाट निजामती सेवा दिवसको अवसरमा विशेष सन्देश प्रसारण हुनेछ। २०७३ साल भाद्र २२ गते विहान ७:०० बजे भृकुटी मण्डपमा भेला भई सबै निजामती कर्मचारीहरु निजामती ड्रेस कोडमा प्रभात फेरीमा समावेश भएर भृकुटीमण्डप, भद्रकाली, सहिदगेट, न्यूरोड, रत्नपार्क, घण्टाघर हुँदै सम्माननीय प्रधानमन्त्रीज्यूको उपस्थिति हुने मूल समारोह कार्यक्रम, प्रज्ञाभवन, कमलादीमा सञ्चालन गरिनेछ।

निजामती सेवा दिवसलाई जिल्लास्तरमा समेत भव्य तरिकाले मनाउन मिति २०७३।०५।१७ गते जिल्लास्तरमा राजनीतिज्ञहरु, कार्यालय प्रमुखहरु र ट्रेड युनियनका पदाधिकारीहरु बीचको राजनीति र प्रशासन बीचको अन्तर सम्वन्धका विषयमा अन्तरक्रिया कार्यक्रम, मिति २०७३।०५।१७ गते रक्तदान कार्यक्रम, मिति २०७३।०५।१७ गते स्वास्थ्य शिविर कार्यक्रम, मिति २०७३।०५।१७ गते देखि २१ गतेसम्म खेलकूद कार्यक्रम, मिति २०७३।०५।२१ गते बृक्ष रोपण कार्यक्रम, मिति २०७३।०५।२१ गते जिल्लास्थित सबै सरकारी कार्यालयहरुले आफ्नो आफ्नो कार्यालय परिसरमा सरसफाई कार्यक्रम सञ्चालन हुनेछन्। नेपाल सरकारले आधारभूत स्वास्थ्य र सरसफाईलाई उच्च महत्व प्रदान गरिरहेको सन्दर्भमा मिति २०७३।५।२२ गते विहान ७:०० बजे जिल्ला विकास समिति र जिल्लास्थित सबै नगरपालिका क्षेत्रमा विशेष सरसफाई कार्यक्रमको आयोजना गर्न सरोकारवाला सबैमा हार्दिक अपिल गरिन्छ। राष्ट्रव्यापी रुपमा सञ्चालन हुने यस विशेष सरसफाई अभियानको समन्वयात्मक भूमिका संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट हुनेछ। साथै, मिति २०७३।०५।२२ विहान ७:०० बजे क्षेत्रीय प्रशासक/प्रमुख जिल्ला अधिकारीको संयोजकतवमा निर्धारण भएको स्थानमा जिल्लास्थित सबै निजामती कर्मचारीहरु निजामती कर्मचारीको ड्रेस कोडमा अनिवार्य रुपमा उपस्थित भई प्रभात फेरी कार्यक्रममा सहभागी हुने र मूल कार्यक्रम आयोजना गर्ने जिल्लास्थित सभा गृह तर्फ प्रस्थान गर्ने र मूल कार्यक्रम स्थलमा विभिन्न व्यक्तिहरुको मन्तव्य सहित कार्यक्रम समापन हुनेछ।

अन्त्यमा, यस वर्षको निजामती सेवा दिवस **"सेवामैत्री प्रशासन - संघीयतामा सुशासन"** मूल नारा सहित भव्य तरिकाले मनाउन यस सचिवालय सरोकारवाला सबै वर्गबाट सक्रिय सहयोग, सकारात्मक पृष्ठपोषण र समन्वयका लागि हार्दिक अनुरोध गर्दछ।

नेपाल सरकार
सामान्य प्रशासन मन्त्रालय
सिंहदरवार, काठमाडौं

(टंकमणि शर्मा)
सदस्य सचिव : मूल समारोह समिति
सचिव : सामान्य प्रशासन मन्त्रालय